आज मिति २०८२।१२।२० गते यस लोमन्थाङ गाउँपालिकाको अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा छिरिङ गुरुङ | का.ब. वडाध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्ङग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङ्जेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | न्युटन लम्साल | सदस्य सचिव/ प्रमुख प्रशासकीय अधिकृत | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| | | अन्य उपस्थिति | | |
| १५ | | बलराम पाठक | प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | कमल कंडेल | स. प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १७ | | उज्वल चपाई | सहायक लेखा अधीकृत | लोमन्थाङ गाउँपालिका |

<u>प्रस्तावहरुः-</u>

प्रस्ताव नं. १ः अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

प्रस्ताव नं. २ः भुक्तानी सम्वन्धमा।

प्रस्ताव नं. ३ः सेवा परामर्श खरिद सम्वन्धमा।

प्रस्ताव नं. ४ः समिति गठन सम्वन्धमा

प्रस्ताव नं. ५ः LGPAS को प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्वन्धमा।

प्रस्ताव नं. ६ः आर्थिक सहयोग सम्वन्धमा।

प्रस्ताव नं. ७ः मर्मत सम्वन्धमा।

प्रस्ताव नं. ८ःस्थापना सम्वन्धमा।

प्रस्ताव नं. ९ः करारमा पदपूर्ति गर्ने सम्वन्धमा।

प्रस्ताव नं. १०ः जग्गा प्रयोग गर्न स्विकृति लिने सम्वन्धमा।

प्रस्ताव नं. ११ः न्यायिक भेला सम्वन्धमा।

प्रस्ताव नं. १२ः पान सेवा सुचारू गर्ने सम्वन्धमा।

<u>निर्णयहरुः</u>

<u>निर्णय नं. १ः-</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो।

<u>निर्णय नं. २ः-</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा विपद व्यवस्थापनको लागि ईन्धन खरिद गरिए बापतको रु. १,०७,०८५।०० लान्द्रुक पेट्रोलियम प्रा.लि. लाई भुक्तानी गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ३ः-</u> प्रस्ताव नं. ३ उपर छलफल गर्दा तपसिलका कार्यक्रमहरु परामर्श खरिद मार्फत गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

क. मध्यमकालिन खर्च संरचना

ख. स्थानिय शिक्षा योजना

<u>निर्णय नं. ४ः-</u> प्रस्ताव नं. ४ उपर छलफल गर्दा राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं. ९१४ र ९१५, मिति २०८२।११।१९ गतेको पत्रानुसार आर्थिक गणना व्यवस्थापनका लागि पालिका स्तरिय तपसील बमोजिमको सदस्यहरु रहने गरी समिति गठन गर्ने र वडा सहजिकरण समिति गठनका लागि ५ वटै वडाको वडा समितिमा पठाउने निर्णय गरियो।

<u>तपसीलः</u>

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष- | संयोजक |
| गाउँपालिका उपाध्यक्ष- | सदस्य |
| वाणिज्य व्यापार संघ संस्थाका प्रतिनिधिहरु- | सदस्य |
| सुरक्षा निकायको प्रतिनिधि- | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत- | सदस्य सचिव |

निर्णय नं. ५:- प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस गाउँपालिका कार्यालयको स्थानिय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा तयारी गरिएको प्रारम्भिक नतिजा सहितको विवरण माथि आवश्यक छलफल गरी स्विकृत गर्दै उक्त प्रतिवेदनलाई पृष्ठपोषणका लागि जिल्ला सम्वन्य समितिमा पठाउने निर्णय गरियो।

निर्णय नं. ६:- प्रस्ताव नं. ५ उपर छलफल गर्दा लोमन्थाङ गाउँपालिका वडा नं. ४ न्याम्डोक निवासी श्री कुन्जा छिटो गुरुङको आर्थिक अवस्था न्यून रहेको र निजलाई क्यान्सर रोग लागी उपचार गराईरहेकोले उपचार खर्च स्वरुप आक्समिक कोषबाट रु. ४५,०००।०० दिने निर्णय गरियो।

निर्णय नं. ७:- प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस लोमन्थाङ गाउँपालिका वडा नं. ४ चुङजुङ स्थित सामुदायिक पानीघट्ट जिर्ण भई सञ्चालनमा आउन नसकेकोले पूर्वाधार विकास शाखाबाट आवश्यक अनुगमन गरी लागत अनुमान तयार गरी मर्मत कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ८:- प्रस्ताव नं. ८ उपर छलफल गर्दा कोराला नाकामा Health Desk स्थापना गर्ने निर्णय गरियो। Health Desk मा खटिने स्वास्थ्य कर्मचारीलाई यातायात र खाजा खर्च गरी दैनिक रु. ७००।०० भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ९:- प्रस्ताव नं. ९ उपर छलफल गर्दा लोमन्थाङ स्वास्थ्य चौकीमा रिक्त रहेको १ जना अ.न.मी. करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो।

निर्णय नं. १०:- प्रस्ताव नं. १० उपर छलफल गर्दा लोमन्थाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भवन निर्माण गर्नको लागि मापदण्ड अनुसारको उपयुक्त जग्गा छनोट गर्ने क्रममा यस पालिकाको नाममा कुनैपनि स्थानमा जग्गा नरहेको, निजि र सरकारी स्वामित्वमा रहेका जग्गा समेत पर्याप्त नरहेको, यहाँको भौगलिक अवस्थिति (भिरालो भूभाग तथा हिमपहिरोको जोखिम) ले उपयुक्त स्थानमा जग्गा उपलब्ध हुन नसकेको। लोमन्थाङ गाउँपालिका वडा नं.०५लोमन्थाङमा रहेको पूर्व-बाटो, पश्चिम हाल आमा समुह भवन रहेको कित्ता नं. ६८, उत्तर तर्फ नापि नभएको जग्गा र दक्षिण तर्फ आमा समुह भवन जाने बाटो को करिव १-९-१-० को सार्वजनिक प्रकृतिको जग्गा उपयोग गरि भवन निर्माण गर्दा यस गाउँपालिकाको सानो जनसंख्यालाई सेवा प्रवाह गर्न उपयुक्त हुने, उक्त जग्गा दैवी प्रकोप व्यवस्थापनको लागि आवश्यक नपर्ने देखिएको हुँदा उक्त जग्गामा स्थानिय मौलिकता झल्कने गाउँ कार्यापालिकाको कार्यालय भवन निर्माण गर्दा यहाँको ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक स्थलहरुको मौलिकतामा कुनै असार नगर्ने र सार्वजनिक जग्गाको संरक्षण पनि हुने भएकोले उपरोक्त स्थानमा लोमन्थाङ गाउँपालिका गाउँकार्यपालिकाको भवन निर्माण गर्नको लागि जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ११:- प्रस्ताव नं. ११ उपर छलफल गर्दा गण्डकी प्रदेश स्तरिय तेस्रो न्यायिक सम्मेलन मिति २०८३।०१।१५ गते सञ्चालन गर्ने तथा उक्त कार्यक्रमको लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, गण्डकी प्रदेशले समेत रु. १० लाख बजेट बिनियोजन गरेको हुँदा उक्त रकम सहयोग गर्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १२:- प्रस्ताव नं. १२ उपर छलफल गर्दा आन्तरिक राजश्व विभागबाट पान सेवा स्थानिय तहबाटै सेवा प्रवाह गर्न सक्ने परिपत्र भएअनुसार यस गाउँपालिका कार्यालयबाट करदाता सेवा सुचारु गर्नको लागि आवश्यक प्रवन्ध गर्ने निर्णय गरियो।

सोनम

छिरिङ